आज मिति २०७५ साल भाद्र १५ गते शुक्रवारका दिन विहान ११:०० बजे यस त्रिवेणी गाउँपालिका भित्रकाको विविध विषयमा छलफल गर्न गाउँ कार्यपालिकाका अध्यक्ष श्री मानबहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

## उपस्थिति

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीलाल खत्री | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीराज शर्मा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री डिल्लीबहादुर बोहरा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मानबहादुर वली | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवलसिंह सार्की | कार्यपालिका सदस्य त्रिवेणी गाउँपालिका, |
| श्री रेमन्तबहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव |

**आमन्त्रित**

श्री गोपाल के.सी. ना.सु.

**प्रस्तावहरु**

१. नदिजन्य पद्धार्थ तथा सडक कर संकलनको लागि उपलब्ध गराउने कमिशन रकम सम्बन्धमा ।
२. स्वास्थ्य संस्थामा ऐम्बुलेन्स सेवा शिर्षकलाई संसोधन गरी ऐम्बुलेन्स खरिद शिर्षक कायम गर्ने सम्बन्धमा ।
३. सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण गर्ने सम्बन्धमा ।
४. ईन्जिनियर सुशिल श्रेष्ठको म्याद थप सम्बन्धमा ।
५. बार्षिक वार्षिक प्रगती अनुमोदन गर्ने सम्बन्धमा ।
६. गत वर्षको म.ले.प.वेरुजु फछ्र्यौट सम्बन्धमा ।

## निर्णयहरु :

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रका खोला तथा नदिहरुबाट नदिजन्य पद्धार्थ उत्खनन् तथा स्थानीय सडक कर संकलनको लागि कार्यपालिकाको मिति २०७५।३।३१ को बैठकबाट अर्को व्यवस्था नभए सम्मको लागि अमानतबाट काम गराउने भनि निर्णय भएको र सो अनुसार कार्यपालिका कार्यालयको मिति २०७५।४।१ को निर्णयबाट त्रिवेणी गाउँपालिका वडा नं ३ बस्ने टेक बहादुर वलीको छोरा जहरसिंह वलीलाई कर संकलनको काम गरेवापत पाउने आर्थिक सुविधा(कमिशन) सम्बन्धमा पछि निर्णय भए अनुसार हुनेगरी मिति २०७५।४।१ गते देखि कर संकलनको काम गर्ने गरी कार्यालय र निज जहरसिंह वली विच दुइपक्षिय सम्झौता भएको सम्बन्धमा निज दोस्रो पक्ष(कर संकलक) ले काम गरेवापत पाउने आर्थिक सुविधा(कमिशन) को सम्बन्धमा विगत तत्कालिन जि.वि.स.ले गरेको अभ्यास समेतको आधारमा जम्मा उठेको रकमको २० प्रतिशत बराबर हुने रकम आर्थिक सुविधा(कमिशन) वापत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिकाका जनताको समयमा नै स्वास्थ्य उपचार पाउने हकलाई ध्यानमा राख्दै यस आ.व.मा गाउँपालिकाबाट ऐम्बुलेन्स खरिद गरी संचालन गर्ने सोचबाट "स्वास्थ्य संस्थामा ऐम्बुलेन्स सेवा" शिर्षकमा बजेट विनियोजन गरिएकोमा, उक्त शिर्षकमा रहेको अष्पष्टताको कारणले गर्दा खरिद प्रक्रियामा असहज महशुस भएकोले उद्देश्य अनुसार ऐम्बुलेन्स खरिद गर्नको लागि आगामी गाउँ सभाबाट अनुमोदन हुने गरी उक्त शिर्षकलाई संसोशधन गरी **"गाउँपालिकामा ऐम्बुलेन्स खरिद"** शिर्षक कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित र त्रुटी रहित बनाउन बैंकिङ प्रणालीमा आवद्ध गर्न आवश्यक देखिएकोले लुहाम बजारमा रहेका राष्ट्रिय बाणिज्य बैंक तथा मुक्तिनाथ बिकास बैंकसंग समन्वय गरी लाभग्राहीको खाता खोल्ने प्रक्रिया अगाडि बढाउने साथै वितरणलाई सन्तुलित र व्यवस्थित बनाउन वडा नं १,२,३ को भत्ता वितरण कार्यको जिम्मा मुक्तिनाथ विकाश बैंक र वडा नं ४,५ र ६ को भत्ता वितरण कार्यको जिम्मा राष्ट्रिय बाणिज्य बैंकलाई दिने । वर्षाको कारण वडा नं १ र २ को खाता खोल्न केही कठिनाई देखिएकोले हाल प्रथम चरणमा वडा नं १,२,३,४ को खाता संचालन कार्य अगाडि वढाउने र बाँकी १ र २ नं वडाको दोस्रो किस्ताको रकम बैंकबाट वितरण हुने गरी तत्काल कार्य थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस कार्यालयमा गत वर्ष करार सेवामा ईन्जिनियर पदमा काम गरेका त्रिवेणी गा.पा.वडा नं ६ बस्ने श्री शुसिल श्रेष्ठले पुन कार्यालयमा काम गर्ने इच्छा व्यक्त गरी मिति २०७५।५।५ निवेदन दिएकोले निजलाई प्राविधिक कर्मचारीको आवश्यकतालाई ध्यानमा राखी अन्य व्यवस्था भएमा सोही अनुसार हुने गरी हाललाइ मिति २०७५।५।६ गते देखि लागु हुनेगरी करार सेवामा कामकाजमा लगाउने र काम गरेवापत प्रचलित स्केल बमोजिम तलब र तोकिएको प्रोत्साहान भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५,**

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट आ.व.२०७४।०७५ को बार्षिक बजेट तथा कार्यक्रम अनुसार भएको खर्चको तपशिल अनुसारको वार्षिक प्रगती प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो

**निर्णय नं ६,**

प्रस्ताव नं ६ माथि छलफल गर्दा वेरुजु दफा नं ९ र १० मा साविक फालावाङ गा.वि.स. तर्फ म.ले.प.बाट औंल्याइएको बेरुजु रकम रु.८३०८१।०० पेश भएका कागजातका आधारमा कुनै पनि सरकारी हानी नोक्शानी हुने अवस्था नदेखिएकोले फछ्यौट गर्ने साथै दफा नं १ बमोजिम औल्याइएका बेरुजुहरु प्रमाण कागजातका आधारमा नियमित गर्ने निर्णय गरियो ।